# प्रदेश राजपत्र


सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, कार्तिक २० गते, २०८२ साल (संख्या ६


## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको

## सूचना

<u>पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८२</u>



<u>प्रस्तावना:</u> पशुपालन व्यवसायमा चुनौतीको रुपमा रहेका प्रमुख रोगहरुको नियन्त्रण गर्दै पशु स्वास्थ्यको सुनिश्चितता, पशुजन्य उत्पादन र उत्पादकत्त्व वृद्धि, जुनोटिक रोगहरुको नियन्त्रण तथा प्रतिजैविक प्रतिरोध न्यूनीकरण स्थानीय तहसँगको समन्वयमा पशुलाई नियमित रुपमा खोप लगाउने व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेशको पशु विकास तथा पशु स्वास्थ्य सेवा ऐन, २०७८ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(ख) "खोपकर्ता" भन्नाले दफा ७ बमोजिम योग्यता भएका खोपकर्ता सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(घ) "पशु" भन्नाले गाई, भैंसी, भेडा, बाख्रा, बंगुर सम्झनु पर्छ।

(ङ) "पूर्ण खोप" भन्नाले अनुसूची -१ मा उल्लेखित तालिका अनुसार लगाईने खोप सम्झनु पर्छ।

(च) "पूर्ण खोपयुक्त क्षेत्र" भन्नाले खोप कार्यक्रम कार्यन्वयन भएको क्षेत्र (स्थानीय तह/जिल्ला/प्रदेश) मा सर्भेक्षण गर्दा प्रजाति अनुसार तत्काल कायम रहेका खोप लगाउन योग्य पशुहरुको संख्याको कम्तिमा ८० प्रतिशत पशुमा पूर्ण खोप लगाएको क्षेत्र सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले सुदुरपश्चिम प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

३. **कार्यक्रम निर्देशक समितिः** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समन्वयका लागि मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) प्रदेश सचिव, मन्त्रालय -सदस्य

(ग) महानिर्देशक, कृषि विकास निर्देशनालय -सदस्य





(घ) महानिर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(ङ) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्धन महाशाखा, मन्त्रालय -सदस्य

(च) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य

(छ) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय -सदस्य

(ज) प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय -सदस्य

(झ) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा,मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन तथा मुल्याङ्कन गर्ने वा गराउने,

(ख) सञ्चालित कार्यक्रमको प्रगति समिक्षा गर्ने र मार्ग निर्देशन दिने,

(ग) तोकिएको लक्ष्य प्रगति सुचाङ्क नपुर्‍याउने कार्यक्रम रद्द गर्न निर्देशन दिने,

(घ) सञ्चालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने।

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

(ग) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(घ) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-२

## कार्यक्रम कार्यान्वयन प्रक्रिया

४. **कार्यक्रम कार्यान्वयनको क्षेत्र:** यस कार्यक्रम सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय तहमा एकै पटक कार्यान्वयन गरिनेछ।

५. **प्रचार प्रसार:** कार्यालयले सम्बन्धित स्थानीय तहको पशु सेवा शाखासँग समन्वय गरी खोप कार्यक्रमको महत्व, खोप तालिका र कार्यक्रम कार्यान्वयन सम्वन्धमा स्थानीय तह, वडा तथा टोलस्तरीय अभिमुखीकरण तथा प्रचार प्रसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

६. **आवश्यक सामग्री खरिद तथा भण्डारण:** (१) नेपाल सरकार पशु सेवा विभाग मातहतका निकायहरुबाट राष्ट्रिय खोप कार्यक्रमका लागि निःशुल्क उपलब्ध हुने खोपहरुको हकमा विज्ञ केन्द्रहरुको माग अनुसारको परिमाण निर्देशनालयले





सम्बन्धित निकायहरुसँग समन्वय गरी कार्यालयलाई उपलव्ध गराउनेछ। खोप कार्यक्रम कार्यान्वयन गर्न आवश्यक थप खोपहरु सम्बन्धित कार्यालयले खरिद गर्न सक्नेछ।

(२) खोप कार्यका लागि अनुसूची -३ वमोजिमका आवश्यक सामग्रीहरु विज्ञ केन्द्रले समयमा नै व्यवस्था गर्नुपर्नेछ।

(३) खोपको उचित भण्डारणको सुनिश्चितताको लागि कार्यालयले सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालासँग समन्वय गर्नेछ।

७. **खोपकर्ताको छनौट तथा अभिमुखीकरण:** (१) कार्यालयले आवश्यकता अनुसार ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा भेटेरिनरी जे.टि./जे.टि.ए. वा भेटेरिनरी/पशु विज्ञान विषयमा औपचारिक शिक्षा हासिल गरेका नेपाली नागरिकलाई खोपकर्ताको रुपमा नियुक्ति दिनु पर्नेछ। खोपकर्ता नियुक्ति गर्दा उपलब्ध भएसम्म स्थानिय प्राविधिकलाई नियुक्ति दिनु पर्नेछ।

(२) यस दफा बमोजिम नियुक्त खोपकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालय तोकेको स्थानीय तहमा गई खोप लगाउने,

(ख) खोपसँगै अनुसूची -२ बमोजिम पशु तथ्याङ्क संकलन फारम भरी सम्बन्धित कार्यालयमा तथ्याङ्कको प्रतिवेदन पेश गर्ने,

(ग) प्रगति प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्ने।

(३) विज्ञ केन्द्रले खोपकर्तालाई खोपको ढुवानी व्यवस्थापन, लगाउने उमेर, घोल्ने तरिका, मात्रा, लगाउने माध्यम, खोप कार्ड भर्ने तरिका, जैविक सुरक्षा, व्यक्तिगत सुरक्षाका उपायहरु, खोप लगाउँदा ध्यान दिनुपर्ने कुराहरु लगायतका प्राविधिक विषयहरु तथा जैविक फोहोर व्यवस्थापन सम्बन्धी जानकारी दिनका लागि सोही कार्यक्रमबाट खर्च हुने गरी एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछ।

८. **खोप कार्यक्रम:** (१) गाई, भैँसी तथा बंगुरमा सम्बन्धित स्थानमा र भेडा, बाख्राका लागि फार्म वा कुनै स्थान तोकी खोप कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) खोप लगाईसकेपछि खोपकर्ताले अनुसूची -५ बमोजिमको खोप कार्ड भरी एक एक प्रति सम्बन्धित पशुधनी र कार्यालयलाई बुझाउनु पर्नेछ।

(३) खोपकर्ताहरुले अनुसूची -६ बमोजिमको खोप कार्यक्रमको प्रगति विवरण सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई कार्यालयमा पठाउनु पर्नेछ।

(४) यस कार्यविधिमा खोप लगाउन भनि उल्लेख भएका रोगहरु बाहेक अन्य कुनै संक्रामक रोग महामारीजन्य रुपमा फैलिई धेरै संख्यामा पशुमा उक्त रोग विरुद्ध खोप लगाउनुपर्ने अवस्था आएमा वार्षिक बजेटको परिधिभित्र रही यस कार्यविधिमा भएको व्यवस्था अनुरुप थप खोप कार्य सञ्चालन गर्न बाधा पर्ने छैन।





९. **खोपकर्ताको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी व्यवस्था:** कार्यालयले खोपकर्तालाई तथ्याङ्क संकलन र पशुहरुलाई खोप लगाए वापत अनुसूची -४ बमोजिमको आधारमा पारिश्रमिक उपलब्ध गराउने छ।

## परिच्छेद-३

## पूर्ण खोपयुक्त क्षेत्र घोषणा कार्यक्रम

१०. **पूर्ण खोपयुक्त क्षेत्र घोषणा:** (१) देहायका आधारमा पूर्ण खोपयुक्त क्षेत्र घोषणा गरिनेछ:-

(क) प्रजाति अनुसार खोप लगाउन योग्य पशु संख्याको कम्तिमा ८० प्रतिशतमा पूर्ण खोप लगाएको हुनुपर्ने,

(ख) खोपले पशुको शरीरमा विकास गर्ने प्रतिरोधात्मक क्षमता (Antibody titer) को परीक्षण गर्दा मन्त्रालयले तोकेको मापदण्ड अनुसार भएको हुनुपर्ने।

(२) उपदफा (१) मा उल्लिखित आधार पूरा भएमा निर्देशनालयले मन्त्रालयको समन्वयमा सम्बन्धित क्षेत्रलाई एक वर्षका लागि पूर्ण खोपयुक्त क्षेत्र घोषणा गर्न सक्नेछ।

## परिच्छेदः३

## विविध

११. **खोप कार्यक्रमको अनुगमन:** मन्त्रालय तथा निर्देशनालयले खोप कार्यक्रमको अनुगमन गर्नेछ।

१२. **खोपको प्रभावकारीता मूल्याङ्कन:** खोपको प्रभावकारीता मूल्याङ्कन पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, कैलाली र सम्बन्धित विज्ञ केन्द्रले निर्देशनालयको समन्वयमा गर्नेछ।

१३. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१४. **बाधा अड्काउ फुकाउने:** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले कार्यक्रम निर्देशक समितिको सिफारिसमा बाधा अड्काउ फुकाउनेछ।





## अनुसूची -१
(दफा २ को खण्ड (घ) सँग सम्बन्धित)

**पूर्ण खोप कार्यक्रमका लागि खोप तालिका**

| प्रजाति | खोप | प्रति पशु खोप लगाउने पटक | न्यूनतम उमेर |
|---|---|---|---|
| गाई, भैंसी | खोरेत | वर्षमा २ पटक | ६ महिना |
| | एच्.एस्.बि.क्यू | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले निर्धारण गरेको रणनीतिक योजना अनुरुप | ६ महिना |
| भेडा, बाख्रा | पि.पि.आर. | २ वर्षमा १ पटक | ३ महिना |
| बंगुर | खोरेत | वर्षमा २ पटक | ६ हप्ता |
| | बंगुरको हैजा | वर्षमा १ पटक | ६ हप्ता |
| पन्छी | रानीखेत | आवश्यकतानुसार | |

## अनुसूची -२

**(दफा ७ को उपदफा (२) को खण्ड (ख) सँग सम्बन्धित)**

**पशु तथ्याङ्क संकलन फारम**

सुदूरपश्चिम प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, .....................

**पशुको पूर्ण खोप कार्यक्रम**

| पशु तथ्याङ्क संकलन फारम (घरधुरी अनुसार भर्ने) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जिल्लाः | | | | | | स्थानीय तह; | |
| वडा नं. | | | | | | टोलः | |
| पशुधनीको नामः | | | | | | | |
| क्र.सं. | पशुको विवरण | | | | | पशुपालन सम्वन्धि अन्य विवरण | |
| | प्रजाति | पहिचान | उमेर | खोप लगाएको भए खोपको नाम र लगाएको मिति | आन्तरिक परजीवि विरुद्ध औषधि खुवाएको/ नखुवाएको (विगत ६ महिना भित्र) | | |
| १ | | | | | | फर्म दर्ता गरे नगरेकोः | |
| २ | | | | | | जग्गाको स्वामित्व र क्षेत्रफलः | |





| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | | | | | | घाँस खेती गरेको क्षेत्रफलः | |
| ४ | | | | | | पशुपालनबाट बार्षिक आम्दानीः | |
| ५ | | | | | | पशु बीमा गरे नगरेको | |
| ६ | | | | | | पशुपालनमा लगानी (निजि/ऋण) | |
| ७ | | | | | | रोजगारी सृजनाः | |

| प्रजाति | गाई | भैंसी | भेडा | बाख्रा | बंगुर | कुकुर |
|---|---|---|---|---|---|---|
| जम्मा पशु संख्या | | | | | | |

गणकको नामः

गणकको हस्ताक्षरः

यस फारममा दिईएका हरफ नपुगेमा यसै फारमको पछाडिको पेज प्रयोग गर्नुहोला।

## अनुसूची -३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**खोप कार्यका लागि आवश्यक सामग्रीहरु**

१. सिरिन्ज र निडिल
२. ग्लोभ्स्
३. कपास
४. खोप कार्ड
५. स्टेशनरी सामग्रीहरु
६. गमबुट
७. एप्रोन, मास्क, हेडकभर
८. डिस्इन्फेक्टेन्ट
९. कुल बक्स
१०. स्प्रिट
११. खोप विवरण सम्बन्धी फारमहरु
१२. डिस्पोजल किट
१३. रेनकोट, झोला, टर्च लाईट
१४. सेनिटाईजर





## अनुसूची -४

(दफा ९ सँग सम्बन्धित)

**सबै खोप लगाए वापत खोपकर्तालाई प्रदान गरिने पारिश्रमिकको विवरण**

| भौगोलिक क्षेत्र | पशुको किसिम | प्रति डोज पारिश्रमिक रु. |
|---|---|---|
| हिमाली क्षेत्र | गाई, भैसी, बंगुर | ३०।- |
| | भेडा, बाखा | १०।- |
| | पन्छी | १।- |
| पहाडी क्षेत्र | गाई, भैसी, बंगुर | २५।- |
| | भेडा, बाखा | १०।- |
| | पन्छी | १।- |
| तराई क्षेत्र | गाई, भैसी, बंगुर | २०।- |
| | भेडा, बाखा | १०।- |
| | पन्छी | १।- |

## अनुसूची -५

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

**खोप कार्डको नमूना**

सुदूरपश्चिम प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, .....................

सुदूरपश्चिम प्रदेश

**पशुको पूर्ण खोप कार्यक्रम**

**खोप कार्ड**

जिल्लाः स्थानीय तहः

वडा नं.ः टोलः

पशुधनीको नामः

| क्र.सं. | पशुको विवरण | | | खोपको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | प्रजाति | पहिचान | उमेर | खोपको नाम | लगाएको मिति | अर्को पटक खोप लागउने मिति | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |





खोपकर्ताको नामः

खोपकर्ताको हस्ताक्षरः

**द्रष्टव्यः** एक प्रति पशुधनीलाई दिने र एक प्रति खोप कर्ताले सम्बन्धित निकायमा बुझाउने।

यस फारममा दिईएका हरफ नपुगेमा यसै फारमको पछाडीको पेज प्रयोग गर्नुहोला।

## अनुसूची -६

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**खोप विवरण कम्पाइलेसन फारम**

जिल्लाः ............................ स्थानीय तहः......................

वडा नं.:............ टोलः...............................

खोप कार्यक्रम सञ्चालन अवधिः .................देखि..............सम्म

| क्र.सं. | पशुधनीको नाम | प्रजाति अनुसार खोप लगाएको पशु संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गाई | | भैंसी | | भेडा | बाखा | बंगुर | | कुकुर |
| | | खोरेत | एच.एस. बि.क्यू. | खोरेत | एच.एस. बि.क्यू. | | | खोरेत | बंगुरको हैजा | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |





**खोपकर्ताकोः**

नामथरः

हस्ताक्षरः

मितिः

**प्रमाणित गर्नेः**

नामथरः

हस्ताक्षरः

मितिः

आज्ञाले,
शंकर साह
प्रदेश सरकारको सचिव।



मुद्रकःआन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १०।-